# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/१९ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

नापी कार्यालय, शाँखु, काठमाडौंका प्रमुख नापी अधिकृत भागवत साहले गोकर्णेश्वर न.पा. वडा नं. २ स्थित नयाँपाटीमा रहेको ३६ रोपनी जग्गा कित्ता काट गरिदिएवापत सेवाग्राहीसँग बिभिन्न बहाना बनाइ घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले सोही कार्यालयमा करारमा कार्यरत कार्यालय सहयोगी खेमराज भण्डारी मार्फत निज प्रमुख नापी अधिकृत भागवात साहलाई रु.२,५०,०००/- (दुई लाख पचास हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा मिति २०७५/०१/१९ गते निजहरुको कार्यालय परिषरबाटै नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता